# पालहरू, मन्दिरहरू, दरबारहरू

विद्यार्थी प्रतिवेदनहरू
र
उत्तरपृष्ठहरू

## मार्गदर्शनहरू

तपाईंको अध्ययनको प्रत्येक एकाइलाई तपाईंले पूरा गर्नुभएपछि त्यस एकाइको निम्ति विद्यार्थी प्रतिवेदन उत्तर पृष्ठलाई भर्नुहोस्। प्रत्येक प्रश्नमा तपाईंको उत्तरलाई कसरी संकेत गर्ने भन्ने सम्बन्धमा तल मार्गदर्शन दिइएको छ। त्यहाँ दुइ किसिमका प्रश्नहरू छन्ः *ठीक-बेठीक र सबैभन्दा ठीक उत्तर छान्ने।*

**ठीक-बेठीक प्रश्नको उदाहरण**

*तलको बयान कित ठीक वा बेठीक छ।*

यदि बयान **ठीक** हो भने खाली *क* लाई कालो बनाउनुहोस्।
**बेठीक** छ भने *ख* लाई कालो बनाउनुहोस्।

१ बाइबल हाम्रा निम्ति परमेश्वरको सन्देश हो।

*बाइबल हाम्रा निम्ति परमेश्वरको सन्देश हो* भनिने माथिको बयान **ठीक** हो, यसैले खाली ठाउँ क मा यसरी कालो लगाउनुहोस्।

१ ■ ख ग घ

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नको उदाहरण**

तलको प्रश्नको निम्ति सबैभन्दा उत्तम एउटा उत्तर त्यहाँ छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति दिइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।

२ नयाँ गरी जन्मनुको अर्थ हुन्छ
- क) उमेरमा जवान हुनु।
- ख) मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गर्नु।
- ग) नयाँ वर्ष शुरू गर्नु।
- घ) बेग्लै मण्डली भेट्टाउनु।

ठीक उत्तर ख) *मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गर्नु भन्ने हो,* यसैले खाली ठाउँ ख लाई तल देखाएझैं कालो बनाउनुहोस्।

२ क ■ ग घ

## एकाइ एकको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ एकको निम्ति सबै प्रश्नहरूको उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस्।* **मार्गदर्शन** *पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस्। जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन्।*

### भाग १ – ठीक–बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक वा बेठीक छन्। यदि बयान ठीक हो भने खाली ठाउँ* **क** *लाई कालो बनाउनुहोस्। बेठीक छ भने* **ख** *लाई कालो बनाउनुहोस्।*

१ एकाइ एकका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढ़ेको छु।

२ पुरानो करार पुस्तकहरूका तीन मुख्य विभाजनहरू इतिहास, अगमवाणी र कविता हुन्।

३ ख्रीष्टियान शिक्षामा *पतनले* शैतानलाई स्वर्गबाट फालिएको समयको सम्बोधन गर्छ।

४ परमेश्वरले संसारलाई जलप्रलयले विनाश गर्नुहुँदा आठजना व्यक्तिहरू बचाइएका थिए।

५ अब्राहामको विश्वासको पहिलो जाँच उनका पुत्र इसहाकको बलिदानसँग सम्बन्धित छ।

६ मिश्रदेशको भूमि टाइग्रिस र यूफ्रेटिस नदीको बीच क्षेत्रमा रहेको छ।

७ इस्राएलीहरू सीनै पर्वतमा छाउनीमा रहेका बेला उनीहरूले व्यवस्था प्राप्त गरेका थिए।

८ चोकको प्रवेशद्वार वा पवित्र वासस्थानको घेरा पूर्वपट्टि थियो।

## भाग २–सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

९ पुरानो करारको आधारभूत विषयवस्तु के हो?
- क) सभ्यताको शुरूको इतिहास।
- ख) सत्यता खोज्ने असल मानिसहरूका विचारहरू।
- ग) परमेश्वरका कार्यहरू र वचनहरूद्वारा मानिसलाई दिइएको उहाँको प्रकाश।
- घ) इस्राएलका राजाहरूको कथा।

१० पुरानो करार इतिहासका पुस्तकहरू
- क) अगमवाणीसँग अलिअलि मात्र सम्बन्धित छन्।
- ख) ले अगमवाणीका पुस्तकहरूलाई बुझ्न मद्दत गर्छन्।
- ग) अगमवाणीका पुस्तकहरूभन्दा अझै महत्त्वपूर्ण छन्।
- घ) अगमवाणीका पुस्तकहरूजति महत्त्वपूर्ण छैनन्।

११ सृष्टिको उत्पत्ति विवरणअनुसार मानिस सृष्टि भएको थियो
- क) पशुहरू सृष्टि गरिएकै समयमा।
- ख) स्वर्गदूतहरूको स्वरुपमा।
- ग) परमेश्वरको स्वरुपमा।
- घ) जनावरहरूभन्दा पहिले।

१२ मानिसहरूका पापहरूका निम्ति एकदिन मुक्तिदाता *मर्नुहुनेछ* भन्ने तथ्यलाई उत्पत्तिको पुस्तकका यी घटनाहरूमध्ये कुनचाहिँले औंल्याएको छ?
- क) परमेश्वरले आदम र हव्वालाई पशुहरूका छालाको लुगा लगाइदिनुभयो।
- ख) सर्प (शैतान)ले परमेश्वरप्रति अनाज्ञाकारी हुनका लागि हव्वालाई परीक्षामा पार्‍यो।
- ग) आदम र हव्वालाई बगैँचाबाट धपाइयो।
- घ) सर्प (शैतान) लाई परमेश्वरद्वारा सराप दिइयो।

१३ नोआका सन्तानहरू कहाँ बसोबास गरे भन्ने विवरणपछि उत्पत्तिमा भएको रेकर्डले कसको परिवारलाई जोड़ दिन्छ?

क) शेम

ख) हाम

ग) यपेत

घ) कनान

१४ रोमी १ अनुसार, उत्पत्ति ६ र ११ मा वर्णन गरिएको मानवजातिको भ्रष्ट अवस्था तिनीहरूको के कुराको नतीजा थियो?

क) सत्यताको अज्ञानता।

ख) अझै ठूलो फलिफापको इच्छा।

ग) पूर्ण ज्ञानको निम्ति आवश्यकता।

घ) सत्यताको बहिष्कार।

१५ ऊर छोड्नू भनी परमेश्वरले अब्राहामलाई बोलाउनुहुँदा संलग्न मुद्दा वा विषय के थियो?

क) शक्ति।

ख) ढिलाइ।

ग) धन-सम्पत्ति।

घ) अलगपन।

१६ इस्राएलीहरूले आफ्ना ढोकाहरूका चौकोसमा निस्तार-चाड़को थुमाको रगत लगाए। उही नतीजा ल्याउने अर्को कार्य कुन थियो?

क) अब्रामको नाम अब्राहाममा परिवर्तन भएको थियो।

ख) नोआले डुङ्गा (जहाज) बनाएका थिए।

ग) इसहाकले रिबेकालाई विवाह गरे।

घ) अब्राम ऊरबाट हारानमा बसाइँ सरे।

१७ परमेश्वरले इस्राएललाई दिनुभएको *नैतिक व्यवस्थाबाट* कुनचाहिँ बयान आउँछ?

क) मलाई आदर गर्नका निम्ति वर्षमा तीनवटा चाडपर्वहरूको उत्सव मनाओ।

ख) सातदिनसम्म परमप्रभुलाई आफ्ना अन्नबलिको भेटी चढ़ाओ।

ग) आफ्ना बाबु र आफ्नी आमालाई आदर गर।
घ) कुनै पनि पूजाहारीले आफ्नो टाउकोको कुनै भाग पनि खौरनु हुँदैन।

१८ परमप्रभुको उपस्थितिको पालका सरसामानहरूमध्ये कुनचाहिँले हाम्रा पापहरूका निम्ति भएको ख्रीष्टको मृत्युको स्पष्ट चित्रण दिएको छ?
क) बलिदानको वेदी।
ख) सुनको सामदान।
ग) रोटीको टेबिल।
घ) काँसाको बाटा।

१९ प्रायश्चितको दिनमा मात्र प्रधान पूजाहारीले बलिदानको रगतलाई केमाथि छर्कन्थे?
क) धूपको सुनौला कचौरा।
ख) कृपा-आसन।
ग) बलिदानको वेदी।
घ) पखेटा भएका जीवित-जिवातहरू।

२० पारानमा इस्राएलको अविश्वासका नतीजाहरूमध्ये एउटाचाहिँ के थियो?
क) केवल पूजाहारीहरू र लेवीहरूलाई मात्र कनानमा प्रवेश गर्न अनुमति दिइएको थियो।
ख) तिनीहरूले ६० वर्षसम्म उजाड़-स्थानमा भौंतारिनुपर्ने भयो।
ग) यहोशू र कालेबबाहेक त्यसबेला २० वर्ष उमेर पुगेका कोही पनि पछि कनानमा प्रवेश गर्न पाएन।
घ) कनानको भेद लिने सबै गुप्तचरहरू विपत्तिमा मरे।

***एकाइ एकको निम्तिका मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सी आई प्रशिक्षककहाँ वा कार्यलयमा पठाउनुहोस् र एकाइ दुइको आफ्नो अध्ययनलाई शुरू गर्नुहोस्।*

## एकाइ दुइको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ दुइको निम्ति सबै प्रश्नहरूको उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस्।* **मार्गदर्शन** *पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन्।*

### भाग १ – ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक वा बेठीक छ। यदि बयान ठीक छ भने खाली ठाउँ* **क** *लाई कालो बनाउनुहोस्। बेठीक छ भने* **ख** *लाई कालो बनाउनुहोस्।*

१ एकाइ दुइका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढ़ेको छु।

२ इस्राएलको इतिहासमा *न्यायकर्ताहरूको* युगपछि राज्यहरूको युग आउँछ।

३ प्यालेस्टाइनको भूमिमा यर्दन नदी उपत्यका भूमध्यसागर र मध्यपहाडहरूका बीचमा पर्दछ।

४ राजा चाहिन्छ भनी मानिसहरूले गरेका निवेदनले परमेश्वरलाई अप्रसन्न तुल्याएको थियो।

५ शाऊलको मृत्युपछि, इस्राएलका सम्पूर्ण कुलहरूले दाऊदलाई राजाका रूपमा स्वीकार गरे।

६ दाऊद, सोलोमन र मोशा भजनसंग्रहको पुस्तकका लेखकहरूमध्येका थिए।

७ दुइ राज्यहरूमध्ये उत्तरी राज्यचाहिँ पहिले प्रवासमा गएको थियो।

८ दक्षिणी राज्यलाई दुइ छुट्टाछुट्टै राजकुलहरूद्वारा शासन गरिएको थियो।

## भाग २ – सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

९ कनानीहरूलाई विनाश गर्नू भनी इस्राएललाई आज्ञा गरिएको थियो किनकि

क) तिनीहरू नोआको धर्मी परिवारका सन्तानहरू थिएनन्।
ख) तिनीहरू पापमा लागिरहेका थिए र तिनीहरूले इस्राएललाई पाप गर्न सिकाए।
ग) तिनीहरूमा साँचो परमेश्वरको कुनै ज्ञान थिएन।
घ) तिनीहरू इस्राएलीहरूभन्दा धेरै र फलिफाप भएका थिए।

१० तल दिइएको कुनचाहिँ वाक्यले यहोशूको कब्जाको सात वर्ष युद्धलाई ठीक किसिमले वर्णन गर्छ?

क) दक्षिणमा रहेको हेब्रोन शहरको कब्जाद्वारा यहोशूले शुरू गरे र त्यसपछि उत्तरतर्फ गए।
ख) यहोशूले सबैभन्दा पहिले यरीहो र मध्यभागलाई अधीन गरे, तब उनले दक्षिणी क्षेत्र र त्यसपछि अन्त्यमा उत्तरी क्षेत्रलाई कब्जा गरे।
ग) यहोशूले दक्षिणी क्षेत्र लिएर शुरू गरे, तब मध्यक्षेत्र र अन्त्यमा उत्तरी क्षेत्र कब्जा गरे।
घ) यरीहोलाई कब्जा गरेपछि, यहोशूले दानलाई अधीन गरे र त्यसपछि यरूशलेम कब्जा गर्नका लागि दक्षिणपट्टि गए।

११ कुलहरूका बीचमा भूमिको विभाजनहुँदा,

क) यर्दन नदीको पश्चिममाभन्दा पूर्वमा धेरै कुलहरू रहेका थिए।
ख) कुनै पनि कुल यर्दन नदीको पूर्वपट्टि रहेको थिएन।
ग) यहूदा र शिमियोनका कुलहरू दक्षिणपश्चिम भागमा रहेका थिए।
घ) सबै कुलहरूका भूमिको क्षेत्र उति नै थियो।

१२ न्यायकर्ताहरूको युगलाई इस्राएलको कस्तो समयको रूपमा वर्णन गर्न सकिन्छ?

क) पाप, दण्ड, पश्चात्ताप, र छुटकारा दोहोरिएका घटनाक्रम।

ख) दमनकारी राज्यहरूबाट उनलाई छुटकारा दिने अगुवाहरू नभएको समय।

ग) तिनीहरूलाई छुटकारा गर्न परमेश्वरमा पश्चात्ताप वा पुकारा गर्न रोकिएको समय।

घ) तिनीहरूका दमनकारीहरूबाट करीब ४० वर्षका दुइ अवधिहरूको समय।

१३ राजाका रूपमा शाऊललाई तिरस्कार गरियो किनकि

क) उनले बलिदानहरू चढ़ाउन इन्कार गरे।

ख) उनमा सैनिक सीपहरूको कमी थियो।

ग) उनले घरीघरी परमेश्वरको आज्ञा भङ्ग गरे।

घ) उनी मानिसहरूद्वारा मन पराइएनन्।

१४ दाऊदले परमप्रभुलाई प्रसन्न तुल्याएका महत्त्वपूर्ण कारणचाहिँ यो थियो कि

क) उनले इस्राएलका निम्ति धैरै विजयहरू प्राप्त गरे।

ख) उनलाई शमूएलद्वारा अभिषेक गरिएको थियो।

ग) उनले धैरै सुन्दर भजनहरू लेखेका थिए।

घ) उनले नम्रता र पश्चात्तापको प्रवृत्ति कायम राखे।

१५ मुख्य के कारणले गर्दा सोलोमन मूर्तिपूजातिर डोऱ्याइएका थिए?

क) अरू राज्यहरूसँग उनले राखेको मित्रताले।

ख) मानिसहरूको आत्मिक विद्रोहपनले।

ग) पजाहारीहरूका बीचमा भएको नेतृत्वको कमीले।

घ) उनका विदेशी पत्नीहरूको प्रभावले।

१६ अय्यूबको पुस्तकलाई सबैभन्दा उत्तम किसिमले कसरी वर्णन गर्न सकिन्छ?

क) जवान मानिसहरूका आचरणका सम्बन्धमा बुद्धिमान भनाइहरू।

ख) परमप्रभुलाई प्रशंसा गरिएका धेरै सुन्दर कविताहरू र गीतहरू।
ग) दुःखकष्टको अर्थको बारेमा भएका धेरै प्रवचनहरूको विवरण।
घ) अय्यूब पापी भएका कारण उनले सबैथोक कसरी गुमाए भन्ने कुराको कथा।

१७ यहूदीहरूले हितोपदेशको पुस्तकलाई मन्दिरको बाहिरी चोकसँग दाँजेका छन्, किनकि
क) मन्दिरको निर्माण गर्ने सोलोमनद्वारा यो लेखिएको थियो।
ख) यसले मन्दिर विधिहरूका अर्थहरूको व्याख्या गरेको थियो।
ग) यसले मानवीय सम्बन्धहरू सम्बन्धी सल्लाह समावेश गरेको थियो।
घ) यसले पूजाहारीसँग माग गरिएको आचरणको विवरण दिन्छ।

१८ १ र २ इतिहासका पुस्तकहरूले के कुरामा विशेष जोड़ दिएका छन्?
क) इस्राएल अर्थात् उत्तरी राज्यका राजाहरू।
ख) मन्दिरका विधिहरू र कार्यकर्ताहरू।
ग) परमप्रभुको आज्ञापालन गर्ने राजाहरूको शासन।
घ) एलिया र एलीशाजस्ता अगमवक्ताहरूका सेवाहरू।

१९ मुख्य गरी केको कारणले राज्य विभाजित भएको थियो?
क) सोलोमन परमप्रभुबाट तर्केर गए।
ख) पराजित गर्नका लागि इस्राएलका शत्रुहरू बलिया बने।
ग) मानिसहरूलाई चेताउनी दिनका लागि त्यहाँ कुनै पनि भक्त अगमवक्ताहरू थिएनन्।
घ) दाऊदका कुनै पनि सन्तानले शासन गर्न सकेनन्।

२० अगमवक्ताहरूका सन्देशलाई पूर्णरूपमा कसरी वर्णन गरिन्छ?
क) ठीक र बेठीकका सम्पूर्ण सिद्धान्तहरूको विस्तृत सूची जसलाई सम्पूर्ण भक्त मानिसहरूले पछ्याउनुपर्छ।
ख) विगतका घटनाहरूको सारांश र भविष्यको भविष्यवाणी।

ग) मसीहको जीवन र सेवा अवधिमा हुने सम्पूर्ण कुराहरूको व्याख्या।

घ) उसको आफ्नै पुस्ताको निम्ति सन्देश, भविष्यका निम्ति भविष्यवाणीहरू र सम्पूर्ण भक्तजनहरूका निम्ति नैतिक सिद्धान्तहरू।

***एकाइ दुइको निम्तिका मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सीं आई प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस् र एकाइ तीनको आफ्नो अध्ययनलाई शुरू गर्नुहोस्।*

# एकाइ तीनको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ तीनको निम्ति सबै प्रश्नहरूका उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस्।* **मार्गदर्शन** *पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन्।*

## भाग १ – ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक कि बेठीक छ। यदि बयान ठीक छ भने खाली ठाउँमा* ***क*** *लाई कालो बनाउनुहोस्। बेठीक छ भने* ***ख*** *लाई कालो बनाउनुहोस्।*

१ एकाइ तीनका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढ़ेको छु।

२ उत्तरी राज्यलाई ई.पू. ७२२ मा अश्शूरहरूद्वारा पराजित गरिएको थियो।

३ दानिएलको पुस्तक बेबिलोनी कब्जाका वर्षहरूसँग सम्बन्धित छ।

४ यहूदीहरू नमारिऊन् भनी एस्तरले मिश्रदेशका राजालाई बिन्ती गरिन्।

५ मन्दिरलाई पुनर्निर्माण गर्नू भनी फारसका राजा कोरेसले यहूदीहरूलाई आदेश गरेका थिए।

६ तेस्रो यात्राको समयावधिमा प्रायःजसो यहूदीहरू यरूशलेममा फर्केका थिए।

७ यरूशलेमको पर्खालको पुनर्निर्माणको काममा यहूदीहरूले कुनै विरोधको सामना गर्नुपरेन।

८ यहूदीहरूले यरूशलेमको पर्खाललाई पूर्णरूपमा सिध्याउन सकेनन्।

## भाग २ – सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

९ विदेशी शक्तिहरूका सम्बन्धमा विभाजित राज्यहरू कहाँ अवस्थित थिए?
- क) अश्शूर र मिश्रदेशको पश्चिममा र बेबिलोनको पूर्वमा रहेको त्रिकोणमा।
- ख) मिश्रदेशको पश्चिममा र बेबिलोनको सीमानाभन्दा अश्शूरको सीमानाको नजीक।
- ग) निनवे र बेबिलोन दुइ ठूला शहरहरूका बीचमा।
- घ) बेबिलोन र अश्शूर पूर्वमा र मिश्रदेश पश्चिममा रहेको त्रिकोणमा।

१० तल दिइएको कुनचाहिँ वाक्यले उत्तरी राज्यको पतनलाई ठीकसँग वर्णन गरेको छ?
- क) सामरियालाई घेरा हालिएको दश वर्षपछि, सर्गोन द्वीतिले कैदीहरूलाई बेबिलोनमा लगे।
- ख) सामरियालाई पाँचवर्षसम्म घेरा हालेपछि शलमनेशेर तृतीयले उत्तरी राज्यलाई कब्जा गरे।
- ग) ई.पू. ५८६ सम्म उत्तरी राज्यले विरोध गऱ्यो र अन्त्यमा पतन भयो।
- घ) पाँच वर्षसम्मको घेराबन्दीपछि सर्गोन द्वीतिले सामरियालाई कब्जा गरी अश्शूरमा कैदीहरूलाई लिएर गए।

११ तल दिइएको कुनचाहिँ वाक्यले दक्षिणी राज्यको पतनलाई ठीकसँग वर्णन गरेको छ?
- क) दक्षिण राज्य ई.पू. ५८६ मा अश्शूरको अधीनमा पऱ्यो।
- ख) ई.पू. ६०५ मा नबूकदनेसरद्वारा यरूशलेमलाई जलाइयो र नाश गरियो।
- ग) २० वर्षसम्म बेबिलोनलाई विरोध गरेपछि ई.पू. ५८६ मा

यरूशलेम पतन भयो।

घ) सर्गोन द्वीतियले दक्षिणी राज्यलाई जिते र ई.पू. ५८६ मा कैदीहरू लिएर गए।

१२ परमेश्वरका जनहरूको कैदको समयमा तिनीहरूका लेखाइहरूले हामीलाई देखाउँछन् कि

क) मसीहका बारेमा परमेश्वरले तिनीहरूलाई निरन्तररूपमा अगमवाणीहरू दिनुभएन।

ख) केही यहूदीहरूमा ठूलो शक्ति र प्रभावका ओहोदाहरू थिए।

ग) यरूशलेममा फेरि फर्केर आउनेसम्बन्धमा तिनीहरूमा कुनै आशा थिएन।

घ) परमेश्वरलाई निरन्तररूपमा आराधना गर्न तिनीहरूमध्ये कुनैका निम्ति पनि असम्भव थियो।

१३ कुन पुस्तकहरू बेबिलोनी कैदसँग अति नजीकमा सम्बन्धित छन्?

क) एस्तर, यर्मिया, इजकिएल, र दानिएल।

ख) रूथ, एस्तर, इजकिएल, र यर्मिया।

ग) यशैया, दानिएल, होशे, र योएल।

घ) एस्तर, अय्यूब, दानिएल र इजकिएल।

१४ पाठ ६ अनुसार यहूदीहरूका कैदका वर्षहरूबाट तिनीहरूले प्राप्त गरेका *पाँच फाइदाहरूमध्ये* एउटाचाहिँ यो थियो कि

क) तिनीहरूले अरू सभ्यताहरूका संस्कृतिबाट सिकेका थिए।

ख) तिनीहरूले आराधनाको नयाँ रूपलाई शुरू गरे जसलाई सभाघर भनियो।

ग) तिनीहरूले विदेशी शासकहरूसँग सफलता र अनुग्रहको आनन्द मनाए।

घ) तिनीहरूले कैदको भूमिमा बसोबास गरे र उनीहरूमा ठूलो फलिफाप भयो।

१५ परमेश्वरले आफ्ना मानिसहरूलाई त्यही घडी फर्काएर ल्याउनुको कारण

क) पूर्वीय साम्राज्यहरूको खस्काइबाट तिनीहरूलाई सुरक्षा गर्न।

ख) बेबिलोनीहरूको शक्तिबाट तिनीहरूलाई विश्राम दिन।
ग) फारस साम्राज्यको उदय भइरहेको शक्तिबाट तिनीहरूलाई बचाउन।
घ) माकेडोनियन साम्राज्यको खस्काइबाट बचाउन तिनीहरूलाई मद्दत गर्न।

१६ पुनर्निर्माणको *पहिलो* यात्रामा
क) यरूबाबेल र येशूअ अगुवाहरू थिए र मन्दिरको पुनर्निर्माण भयो।
ख) पनर्निर्माण गर्नू भनी कोरेसले यहूदीहरूलाई भने र तिनीहरूलाई अगुवाइ गर्नका लागि नहेम्याहलाई पठाए।
ग) करीब २,००० यहूदीहरू फर्के र पर्खालको पुनर्निर्माणमा सफल भए।
घ) पर्खाललाई अर्पण गरियो र एज्राले आराधनाको जागृति ल्याए।

१७ यरूशलेममा भएकाहरूका लागि हाग्गैको सन्देशमा के समावेश छ?
क) नाप्ने डोरीसहितको मानिससम्बन्धी दर्शन।
ख) मन्दिरको निम्ति भएको तिनीहरूको सरोकारको कमीको सम्बन्धमा हप्काइ।
ग) "हाँगा" भनिने मानिसको बारेमा अगमवाणी।
घ) एज्राद्वारा कसरी मन्दिरको पुनर्निर्माण भएको थियो भन्ने कुराको विवरण।

१८ परमप्रभुको दिनको आगमनभन्दा पहिले "अगमवक्ता एलिया" को प्रकटसम्बन्धी अगमवाणीलाई कहाँ दिइएको छ?
क) नहेम्याह।
ख) हाग्गै।
ग) जकरिया।
घ) मलाकी।

१९ प्रस्थानपछि इस्राएलको इतिहासका ६ युगहरू यस क्रममा छन्ः
   क) कब्जा, न्यायकर्ताहरू, राज्य, यहूदा मात्र, कैद।
   ख) कब्जा, न्यायकर्ताहरू, दुइ राज्यहरू, राज्य, यहूदा मात्र, कैद।
   ग) कब्जा, न्यायकर्ताहरू, यहूदा मात्र, राज्य, दुइ राज्यहरू, कैद।
   घ) कब्जा, न्यायकर्ताहरू, राज्य, यहूदा मात्र, दुइ राज्यहरू, कैद।

२० पुरानो करारको अध्ययनमा सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ यो महसूस गर्नु हो कि
   क) यसले ख्रीष्ट आउनुभन्दा पहिले भएका विभिन्न घटनाहरूलाई वर्णन गर्छ।
   ख) प्यालेस्टाइनमा जिउने मानिसहरूका रीतिरिवाजहरूका बारेमा हामीलाई बताउँछ।
   ग) परमेश्वरका मानिसहरूसँग उहाँका व्यवहारहरूद्वारा उहाँको स्वभाव हामीलाई प्रकट गर्छ।
   घ) अश्शूर, बेबिलोन र मिश्रदेशका विवरणहरूलाई समावेश गरेको छ।

***एकाइ तीनको निम्तिका मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सी आई प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस्। अब तपाईंले यस पाठ्यक्रमको अध्ययनलाई सिध्याउनुभएको छ। तपाईंको अध्ययनको निम्ति अर्को पाठ्यपुस्तकलाई सिफारिस गर्न तपाईंका आई सी आई प्रशिक्षककहाँ अनुरोध गर्नुहोस्।*